का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ मंसिर २०८०,
आइतबार
19 November 2023,
Sunday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २८४ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



छठ पूजाका लागि झिलिमिलिले श्रृङ्गारिएको वीरगञ्जको घडिअर्वा पोखरीको छठ घाट । तस्बिर: विजयकुमार महतो / रासस

## टिकटक प्रतिबन्धले सरकार आलोचित

# सर्वोच्चमा दर्जन रिट सडकमा विरोध प्रदर्शन

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

टिकटक एप सरकारले बन्द गरेको छ । सरकारले टिकटक बन्द गरेसँगै दुई थरी आवाज उठेका छन् ।

कतिपयले सरकारको यो निर्णयलाई स्वागत गरेका छन् भने कतिपयले भने बन्द नभई नियमन गर्नुपर्ने बताउँदै आएका छन् ।

टिकटक प्रतिबन्ध लगाउने सरकारको निर्णयविरूद्ध सर्वोच्च अदालतमा १० वटा रिट निवेदन दायर भएका छन् । मन्त्रिपरिषद्को गत कात्तिक २७ गतेको बैठकले सामाजिक सञ्जाल टिकटक प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । उक्त निर्णयपछि सर्वोच्च अदालतमा रिट दायर गरिएको हो ।

रिट निवेदनमा सरकारको उक्त निर्णय खारेज गर्न माग गरिएको छ । उक्त विवादको सुनुवाइ सोमबारका लागि तय गरिएको छ ।

सत्ता पक्षकै कतिपय सांसदहरु सरकारको टिकटक बन्द गर्ने निर्णयको विरोधमा उत्रिएका छन् । नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्री भीष्मराज आङ्दम्बेले टिकटक बन्द गर्ने सरकारको निर्णय गलत भएको बताएका छन् ।

प्रतिपक्ष दल नेकपा एमालेका केही नेता र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङदेनले सरकारले व्यक्तिको स्वतन्त्रता हनन गर्ने काम गरेको टिप्पणी गरेका छन् ।

पछिल्लो समय टिकटक लगायका सामाजिक सञ्जालहरुमा सामाजिक

> कातिक २३ गते मन्त्रिपरिषद्बाट सामाजिक सञ्जाल निर्देशिका स्वीकृत गरेको सरकारले २७ गते टिकटकमा प्रतिबन्ध लगाउने निर्णय गऱ्यो । नियमनमा जान लागेको भन्दै सरकार नियन्त्रणमै गइदिएपछि आलोचना भएको हो ।

विकृति भित्र्याउने क्रियाकलासँग सम्बन्धित भिडियो क्लिपहरु प्रशस्त भेटिँदै आएका थिए । यसलाई आधार मानेर सरकारले टिकटकमा प्रतिवन्ध लगाउनुपरेको बताएको छ ।

नेपाल संवत ११४४ को अवसरमा भक्तपुरमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले समाजमा विसंगति, विकृति, अराजकता फैलाउने र राज्यलाई जिम्मेवारीबाट अघि बढ्न रोक्ने खालका प्रवृत्तिलाई नियन्त्रण गर्न टिकटक प्रतिवन्ध गरेको स्पष्टीकरण दिएका थिए । तर अझै पनि टिकटकमाथिको प्रतिवन्धबारे आम सर्वसाधारणको मत विभाजित छ ।

कतिपयले टिकटकमाथिको प्रतिवन्ध बिरोधाभाषपूर्ण रहेको बताएका छन् । नियमनमा जान लागेको सरकार अचानक नियन्त्रणमा जानुले सरकारको निर्णय विरोधाभाषपूर्ण रहेको कतिपय नेताहरुको तर्क छ ।

कातिक २३ गते मन्त्रीपरिषद्बाट सामाजिक सञ्जाल निर्देशिका स्वीकृत गरेको सरकारले २७ गते टिकटकमा प्रतिबन्ध लगाउने निर्णय नै गऱ्यो । नियमनमा जान लागेको भन्दै सरकार नियन्त्रणमै गइदिएपछि आलोचना भएको हो ।

सरकारको विरोध गर्नेहरुले सामाजिक सञ्जालका प्लेटफर्मलाई नियन्त्रण गर्नु अभिव्यक्ति स्वतन्त्रताको हनन हुने पनि बताएका छन् । सरकारको आलोचना गर्नेहरुले सडक प्रदर्शन समेत गरेका छन् ।

# उपेन्द्र फकाउँदै ओली



प्रतिनिधि सभामा १२ सिट रहेको जसपालाई सत्ता गठबन्धनबाट बाहिर निकाल्न सके नयाँ सरकारका लागि कोर्स बदल्ने राजनीतिक वातावरण तयार हुने विश्वासका साथ एमाले अध्यक्ष ओली र उनी निकटका नेताहरु सक्रिय भएका हुन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

कातिक २७ गते एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव उनर्क निवास वालुवाटार गए । गोप्य भनिएको उक्त भेट करिब एक घण्टा चलेको थियो । दुबै नेताको सचिवालय शीर्ष नेताहरुको बीचमा नियमित भेट हुने गरेको र सोही क्रममा अध्यक्ष ओलीलाई भेट्न जसपा अध्यक्ष यादव बालकोट पुगेको बताएका छन् । चाडपर्वको समय भएकाले पनि शीर्ष तहको भेटलाई स्वभाविक र नियमित मान्न सकिने उनीहरुको भनाइ छ ।

तर, नेताहरुका अनुसार एमाले अध्यक्ष ओली र जसपा अध्यक्ष ओलीबीच पछिल्लो समय बारम्बार गोप्य भेट भएका छन् । खासगरी सरकारले गौर हत्याकाण्डको फाइल अगाडि बढाउने संकेत पाएपछि नै जसपा अध्यक्ष यादव र एमाले अध्यक्ष ओलीबीच गोप्य भेटघाट बाक्लिएको छ ।

२०६३ चैत ७ गते रौतहटको गौरमा तत्कालीन माओवादी र मधेसी जनअधिकार फोरमका कार्यकर्ताबिच भएको झडपमा २७ जना माओवादी कार्यकर्ताको मृत्यु भएको थियो । उक्त घटनाको मुख्य अभियुक्त यादवलाई ठहऱ्याइएको छ । यस सम्बन्धमा छानबिन अगाडि बढाउने गरी गत साउन २३ गते गृह मन्त्रालय र गौर हत्याकाण्ड पीडित संघर्ष समितिबिच पाँच बुँदे सम्झौता भएको छ ।

सहमतिको पहिलो बुँदामै उक्त घटनाको विषयमा तत समयमा दर्ता भएको जाहेरी समेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणको आधारमा दोषीलाई कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने उल्लेख छ । यस्तो सहमतिपछि जसपा अध्यक्ष यादव वर्तमान सरकारको विकल्पको खोजीमा रहेको र सो कारणले समेत एमाले अध्यक्ष ओलीसँग भेट बाक्लिएको नेताहरुको भनाइ छ ।

यही मेसोमा एमाले अध्यक्ष ओली पनि सत्ता समीकरण फेर बदल गर्न सकिन्छ कि भन्ने ध्याउन्नमा छन् । प्रतिनिधि सभामा १२ सिट रहेको जसपालाई सत्ता गठबन्धनबाट बाहिर निकाल्न सके नयाँ सरकारका लागि कोर्स बदल्ने राजनीतिक वातावरण तयार हुने विश्वासका साथ एमाले अध्यक्ष ओली र उनी निकटका नेताहरु सक्रिय भएका हुन् । कतिपय नेताका अनुसार छठ लगत्तै सत्ता समीकरण फेरबदल गर्ने गरी एमालेका दोस्रो तहका नेताहरु लागि परेका छन् र यसका लागि सहयोग गरे यादवलाई प्रधानमन्त्री बनाउने अफर गरेका छन् ।

गत पुस १० मा एमाले-माओवादीको सत्ता समीकरणमा प्रचण्ड नेतृत्वको सरकार बनेको थियो । २०७९ फागुन ११ गते प्रधानमन्त्री निवास बालुवाटारमा बसेको कांग्रेससहित ८ दलको बैठकले एमालेसँगको पूर्वसहमति तोडेर अगाडि बढेपछि सरकार ढाल्ने कसरतमा एमाले भित्री रुपमा निरन्तर सक्रिय रहँदै आएको छ ।

सत्ता समीकरण फेरबदलका लागि निर्णायक शक्ति मानेर जसपाका अध्यक्ष यादवलाई फकाउन एमालेबाट उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, सचिव रघुवीर महासेठ लगायतका नेता >>> पृष्ठ २ मा




# नियुक्तिमा आफूखुसी !

पार्टीको सिफारिस गरेको व्यक्ति एउटा तर नियुक्ति पाउने व्यक्ति अर्कै भएपछि विवाद भएको हो । यो प्रकरणले नेपालमा विभिन्न निकाय र तहमा हुने नियुक्ति र त्यसको अभ्याससमेत चित्रण गरेको छ ।

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

लुम्बिनी प्रदेश स्थित राप्ती प्रादेशिक अस्पताल विकास समितिमा अध्यक्ष नियुक्तिको विषयलाई लिएर नेकपा माओवादी केन्द्रभित्र विवाद चर्किएको छ । कारण - नियुक्तिमा मन्त्रीको आफूखुसी निर्णय । पार्टीको सिफारिस गरेको व्यक्ति एउटा तर नियुक्ति पाउने व्यक्ति अर्कै भएपछि विवाद भएको हो । यसले नेपालको नियुक्ति प्रणाली र अवस्थाको समेत चित्रण गरेको छ ।

लुम्बिनी प्रदेश सरकारका अर्थमन्त्री धनबहादुर मास्कीले पार्टीको निर्णयविपरीत आफ्नै नातेदारलाई राप्ती प्रादेशिक अस्पताल विकास समितिको अध्यक्ष नियुक्त गरेपछि माओवादी केन्द्र दाङमा विवाद चर्किएको हो ।

माओवादी केन्द्र तुलसीपुर नगर कमिटीको कात्तिक १४ गते बसेको बैठकले शशी किरण ढकाललाई प्रादेशिक अस्पतालको अध्यक्षमा मनोनीत गर्न प्रदेश कमिटीलाई सर्वसम्मत सिफारिस गरेको थियो । तर, अर्थमन्त्री मास्कीले पार्टीले सिफारिस गरेको व्यक्तिलाई नभई भान्जी ज्वाइँ नाता पर्ने सल्यानका दीपक शाहलाई कात्तिक २३ गते नियुक्त गरेपछि माओवादीभित्र विवाद चर्केको हो ।

स्थानीय पार्टी कमिटीको निर्णयविपरीत मन्त्री मास्कीले आफू अनुकूलका व्यक्तिलाई नियुक्त गरेर मनोमानी गरेको भन्दै स्थानीय नेताहरू रुष्ट बनेका हुन् ।

कात्तिक २३ गते कार्यवाहक मुख्यमन्त्री तथा स्वास्थ्य मन्त्रीको हैसियतमा मास्कीले अस्पताल विकास समितिको अध्यक्षमा मनोनयन गर्ने निर्णय गरेका थिए ।

जसअनुसार प्रदेशका १३ वटा अस्पताल विकास समितिमध्ये नेपाली काँग्रेसलाई ६, माओवादीलाई ४, जसपा, लोसपा र एकीकृत समाजवादीलाई एक-एक वटा अस्पताल विकास समितिको अध्यक्ष दिइएको थियो ।

राज्य शक्तिको प्रयोग हुने र जनताले सेवा पाउने >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विपिनका बुबाआमाद्वारा छोराको रिहाइका लागि पहल गरिदिन आग्रह

**महेन्द्रनगर / रासस-** ४३ दिनदेखि प्यालेस्टाइनको विद्रोही हमास समूहको नियन्त्रणमा रहेका कञ्चनपुरका विपिन जोशीका बुबाआमाले छोराको रिहाइका लागि पहल गरिदिन परराष्ट्रमन्त्री एनपी साउदसँग आग्रह गरेका छन् । मन्त्री साउदलाई शनिबार महेन्द्रनगरमा भेटेर विपिनका बुबा महानन्द जोशी तथा आमा पद्मा जोशीले सो आग्रह गरेका हुन् ।

'चाँडोभन्दा चाँडो छोराको रिहाइका लागि नेपाल सरकारले पहल गरिदिनु पऱ्यो,' मन्त्री साउदलाई विपिनका बुबाआमाले भने, 'छोराको चिन्ताले हामीलाई दिनरात सताइरहेको छ, जसरी पनि सरकारले सकुशल ल्याइदिनु पऱ्यो ।'

भीमदत्त नगरपालिका-३ घर भएका विपिनका बुबाआमाले यसअघि कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीमार्फत मन्त्री साउदलाई ज्ञापनपत्र पठाएका थिए ।

भेटघाटका क्रममा मन्त्री साउदले विपिनको सकुशल रिहाइका लागि नेपाल सरकारले सक्दो पहल गरिरहेको जानकारी दिए । 'कूटनीतिक माध्यमबाट विपिनको सकुशल रिहाइका लागि पहल जारी राखेका छौं, हामी पनि यो घटनाबाट चिन्तित छौं,' उनले भने ।

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायमा अध्ययनरत जोशी 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत गत भदौ २७ गते इजरायल गएका थिए । सुदूरपश्चिम विश्वविद्यालयबाट उनीसहित ४९ विद्यार्थी त्यहाँ गएका थिए । गत असोज २० गते हमास समूहले इजरायलमाथि आक्रमण गर्दा १० नेपाली विद्यार्थीको ज्यान गएको थियो । विपिनलाई भने हमासले कब्जामा लिएको थियो । कब्जामा लिएयता उनको कुनै खबर प्राप्त हुन सकेको छैन ।

### खाडी देशहरुद्वारा भिसामा कडाइ

**काठमाडौं / मस-** साउदी अरबले सही भिसा नलिइ आफ्नो मुलुकमा प्रवेश गर्न खोज्ने विदेशीलाई अत्यन्तै कडाइ गर्न थालेको छ । उपयुक्त भिसा नलिइ आएका नाइजेरियनहरूलाई तत्काल फिर्ता पठाउककदै साउदीले अन्य देशका नागरिकलाईसमेत रोजगारी तथा यात्रा जुनसुकै उद्देश्यले साउदी अरबको यात्रा गर्नु अघि नै आफूसँग उपयुक्त भिसा प्राप्त भए नभएको एकिन गरेर मात्रै यात्रा गर्न आग्रह गरेको छ ।

खाडी मुलुकहरूले गैरकानूनी प्रवेशविरूद्ध कडाइ >>> पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Receptionist - 2 Female
Documentation - 2 Female
Pro - 2 Male/Female
Assistant Manager - 2 Female
Accountant - 1 Female
SALARY Negotiable
सम्बन्धित काममा २ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
9841105977
Send us your CV: globalmanpowernepal@gmail.com
GLOBAL MANPOWER SOLUTIONS PVT. LTD.
P.O. Box:3355 Samakhushi, Kathmandu Nepal.
Phone : +977 01 5904717
Govt. Lic. No.: 1645/080/081

## चिसोको मारमा भूकम्प पीडित

# थप तीन जनाको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ मंसिर



चिसोका कारण जाजरकोटमा थप तीन जनाको मृत्यु भएको छ । भूकम्पका कारण घरमा क्षति पुगेपछि त्रिपालमा बस्दै आएका जुनीचाँदे गाउँपालिका-४ लुहादहकी ८९ वर्षीया सुगिली नेपाली, बारेकोट गाउँपालिका-१ रामीडाँडाका ७० वर्षीय डुमे पुन र छेडागाड नगरपालिका-१३ थानवाडाकी ५६ वर्षीया मनसरी कामीको चिसोका कारण मृत्यु भएको हो । डुमे दमका दीर्घरोगी पनि थिए । त्रिपालभित्रको बसाइ र अत्यधिक चिसोको काण उनको ज्यान गएको बारेकोट गाउँपालिका अध्यक्ष वीरबहादुर गिरीले बताए ।

मनसरी दमकी दीर्घरोगी भएको र त्रिपालको चिसोले दम बढेपछि उनको ज्यान गएको छेडागाड नगरपालिकाका उपप्रमुख चन्द्र बहादुर थापाले बताए ।

त्रिपालमुनिको बसाइका कारण बालबालिका, सुत्केरी, दीर्घरोगी र वृद्धवृद्धा बढी प्रभावित भएका छन् । बालबालिका र वृद्धवृद्धामा श्वासप्रश्वाससम्बन्धी समस्या देखिन थालेको छ ।

यसअघि गत साता नलगाड भेरी र बारेकोटमा गरी चिसोका कारण चारजना दीर्घरोगीको ज्यान गएको थियो । एक साताभित्रै चिसोले सात जना वृद्धवृद्धाको ज्यान गइसकेको छ ।

**रुकुम पश्चिममा पहिलो चरणको राहत वितरण सकियो**

जाजरकोट भूकम्पबाट प्रभावित रुकुम पश्चिमका विभिन्न स्थानमा पहिलो चरणको राहत वितरण सकिएको छ । भूकम्प गएको भोलिपल्ट नै उद्धार सकिए पनि पहिलो चरणको राहत वितरण भने दुई सातापछि शुक्रबार मात्रै पूरा भएको रुकुम पश्चिमका सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले बताए ।

भूकम्पबाट प्रभावित जिल्लाको आठबिसकोट नगरपालिका र सानीभेरी गाउँपालिकाका पीडित परिवारलाई त्रिपाल, कम्बल, सिरक, म्याट, चामल, दाल, नुन, तेललगायतका राहत सामग्री वितरण गरिएको उनले बताए । उनका अनुसार मानवीय क्षति तथा भौतिक संरचनामा कम क्षति भएका मुसीकोट र चौरजहारी नगरपालिका, बाँफीकोट र त्रिवेणी गाउँपालिकामा पनि पहिलो चरणमा राहत वितरण सकिएको छ । अब स्थानीय तहबाट क्षतिको पूर्ण विवरण प्राप्त भएपछि विपद् व्यवस्थापन समितिको बैठकले गर्ने निर्णयअनुसार अस्थायी आवास निर्माण सुरु गरिने उनको भनाइ छ । उनका अनुसार स्थानीय तहलाई कार्यालयले भनेअनुसारको ढाँचामा क्षतिको विवरण संकलन गरी पठाउन निर्देशन दिइसकिएको छ । केही व्यक्ति तथा संस्थाले आफ्नै पहलमा आठबिसकोट र चौरजहरी नगरपलिकामा अस्थायी टहरा निर्माण शुरु गरिसकेका छन् ।

भूकम्पमा ज्यान गुमाएका रुकुम पश्चिमका मृतकका परिवारलाई नगद वितरण गरिएको छ । सानीभेरी गाउँपालिकाका १० जना मृतकका परिवारलाई रु.१६ लाख र आठबीसकोट नगरपालिकाका मृतकका ३७ जना मृतकका परिवारलाई रु.६१ लाख गरी कूल रु.७७ लाख नगद वितरण गरिएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले जानकारी दिए । बाँकीलाई कागजपत्र मिलेपछि राहत वितरण गरिने उनको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी पन्तका अनुसार संघीय सरकारबाट प्राप्त रकमबाट मृतकका परिवारलाई नगद वितरण गरिएको हो । सरकारले प्रति मृतकका घरपरिवारलाई रु दुई लाखका दरले र एउटै घरमा एक जनाभन्दा बढीको मृत्यु भएकामा रु. दुई लाख र थप रु एक लाखका दरले नगद उपलब्ध गराउने निर्णय गरेको थियो । सोही निर्णयबमोजिम सरकारले जिल्ला विपद् व्यवस्थापन कोषमा रु.पाँच करोड रकम पठाएको थियो । जसमा रु.६७ लाख नगद राहत वितरण गरिएको छ । बाँकी रकम भूकम्पपीडितका लागि अस्थायी आवास निर्माण र पुनःस्थापनामा खर्च हुने सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले जानकारी दिनुभयो । रुकुम पश्चिममा गत कात्तिक १७ गते राति गएको भूकम्पमा परी ५३ जनाको मृत्यु भएको थियो ।

**चिसोबाट जागिन समस्या**

भूकम्पमा परी घर भत्किएपछि रुकुम पश्चिम र जाजरकोटको अधिकांश प्रभावित अहिले त्रिपालको साहरामा रात काटिरहेका छन् । उनीहरुलाई खाना र बस्नसँगै चिसोबाट कसरी जोगिने भन्ने चिन्ता पनि उत्तिकै छ । चिसोकै कारण जाजरकोटमा पाँच जना भूकम्पपीडितको ज्यान गइसकेको छ ।

आठबीसकोट नगरपालिका-१३ हम्पाका लक्ष्मण शाही आफूसँगै धेरैलाई चिसोबाट मुस्किल परिरहेको बताए ।

भूकम्पकै कारण उनले आमा, बहिनी, दुई भान्जा गुमाएका छन् । उनीहरुलाई गुमाउनुको पीडाबीच यतिबेला चिसोबाट आफ्नै ज्यान कसरी जोगाउने भन्ने चिन्ता थपिएको छ ।

सोही वडाका हरिबहादुर ओलीले पनि चिन्ता लक्ष्मणको जस्तै छ । 'बालबच्चाको चिन्तासँगै पछिल्लो समय अत्यधिक बढेको चिसोबाट कसरी जोगिने भन्ने चिन्ता पनि थपिएको छ', उनले भने, 'सरकारले चिसोबाट जोगाउन सुरक्षित बसोबासको वन्दोबस्त गरिदिए राम्रो हुन्थ्यो ।'

सानीभेरी गाउँपालिका-४ की कालिकादेवी मल्लले त्रिपालको भरमा बारीमा चिसो रात काट्दा समस्या भएको बताइन् ।

यसैबीच जाजरकोट भूकम्पपीडितको सहयोगका लागि चिनियाँ रेडक्रस सोसाइटीले रु.एक करोड ३२ लाख मानवीय सहायतास्वरुप प्रदान गरेको छ ।

नेपालका लागि चीनका राजदूत छन् सङले शनिबार नेपाल रेडक्रस सोसाइटीका कार्यवाहक अध्यक्ष सुरेन्द्रसिंह ऐरलाई उक्त नगद हस्तान्तरण गरेका हुन् ।

चिनियाँ रेडक्रसबाट प्राप्त नगद भूकम्पपीडितका लागि आवश्यक पर्ने राहत सामग्री खरिदमा पारदर्शी ढंगले उपयोग गरिने कार्यवाहक अध्यक्ष ऐरले बताए ।

## गैँडा मारेको घटनाको छानबिन गर्न समिति गठन



**काठमाडौं/मस**-वन तथा वातावरण मन्त्रालयले चितवन राष्ट्रिय निकुञ्जभित्र तस्करले दुईवटा गैँडा मारेको घटना छानबिन गर्न समिति गठन गरेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक वेदकुमार ढकालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो ।

मन्त्रालयले सचिवस्तरीय निर्णय गरी १० दिनभित्र प्रतिवेदन बुझाउने गरी शुक्रबार समिति बनाएको हो । समितिमा नेपाली सेनाको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण निर्देशनालयका प्रमुख सेनानी, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय निकुञ्ज विभागका कानुन अधिकृत र अनुसन्धान अधिकृत छन् ।

उपमहानिर्देशक ढकालले आइतबार चितवन आएर स्थलगतरूपमा काम शुरु गर्ने बताए । घटनास्थलको अध्ययन र सरोकारवालासँग छलफल गरी घटनाबारे वस्तुस्थिति हेरिने उनको भनाइ छ । आवश्यक प्रमाण संकलन गरी भएका कमी-कमजोरी र सुधार गर्नुपर्ने विषयसमेत समावेश गरी प्रतिवेदन तयार गरिने छ ।

राष्ट्रिय निकुञ्जमा दुईवटा एकसिंगे गैँडा तस्करले धरापमा पारेर मारेपछि छानबिन गर्न समिति गठन गरिएको हो । गत बिहीबार गैँडा मृतावस्थामा भेटिएका थिए । निकुञ्जको पूर्वी सेक्टरअन्तर्गत चपरचुली क्षेत्रको वडेला खोला नजिकै छ र १८ वर्ष उमेरका पोथी गैँडा मारिएको अवस्थामा फेला पारिएका थिए । छ वर्षको गैँडा तीन दिन र १८ वर्षको गैँडा मारिएको १० दिन पछि फेला पारिएको अनुमान गरिएको छ ।

उक्त घटना सार्वजनिक भएसँगै सत्यतथ्य छानबिनको माग गरिएको थियो । नेपाली कांग्रेस चितवनले विज्ञप्ति जारी गरी घटनाको छानबिन गर्न माग गरेको थियो । संरक्षण क्षेत्रमा लागेका व्यक्तिले पनि चिन्ता व्यक्त गर्दै छानबिनको माग गरेका थिए । चितवन राष्ट्रिय निकुञ्जमा छ सय ९४ गैँडा र नेपालभर सात सय ५२ गैँडा छन् ।

## प्रधानमन्त्रीलाई खुम्बु पासाङल्हामु गाउँपालिकाको ज्ञापनपत्र



**काठमाडौं/मस**-सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष विभिन्न तीनबुँदे मागसहितको ज्ञापनपत्र बुझाएको छ । शनिबार सोही गाउँपालिका पुगेका प्रधानमन्त्री प्रचण्डलाई अध्यक्ष मिङमा छिरी शेर्पाले स्थानीय समस्या समाधानका लागि ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएका हुन् । विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा प्रधानमन्त्रीलाई स्वागत गर्न पाउँदा आफूहरु असाध्यै हर्षित भएको उल्लेख गरिएको छ ।

विश्वको उत्कृष्ट पर्यटकीय गन्तव्यका रुपमा परिचित सो गाउँपालिकाले संघ, प्रदेश र विभिन्न दातृ निकायसँग सहकार्य समन्वय गर्दै गाउँपालिकालाई समृद्ध बनाउन प्रयासरत रहेको व्यहोरासमेत सो अवसरमा अवगत गराएको थियो ।

हवाई यातायातको भर पर्नु परेकाले यस क्षेत्रमा यातायातको सहज पहुँचका लागि पालिकाले प्रदेश सरकारसँग सहकार्य गरी पालिका केन्द्रसम्मको सडक ट्र्याक खोल्ने कार्यलाई द्रुत गतिमा भइरहेको जानकारी गराएको छ । सगरमाथा क्षेत्र जोड्ने उक्त सडकको स्तरोन्नतिको योजनालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी बजेट विनियोजन गरिदिन गाउँपालिकाले प्रधानमन्त्रीलाई अनुरोध गरेको हो ।

प्रधानमन्त्रीको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको औपचारिक भ्रमणमा आउनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अक्टोबर ३० मा खुम्बु क्षेत्रको भ्रमणमा तापक्रम बढ्ने, हिमताल पग्लने र त्यसले जनतालाई पुऱ्याउने हानिनोक्सानीको कुरालाई गम्भीरतापूर्वक लिएका थिए ।

जलवायु परिवर्तनको जोखिमबाट हिमाली क्षेत्रमा बसोबास गर्ने जनताको जीवनस्तरमा परेको समस्या र चुनौतीलाई समाधान गर्न क्षतिपूर्ति हुनुपर्छ भन्ने विषय केही समयपछि हुन लागेको कोप-२८ सम्मेलनमा विश्वको ध्यानाकर्षण गराउन गाउँपालिकाले प्रधानमन्त्रीलाई अनुरोध गरेको छ ।

उच्च हिमाली भूभाग र महँगो ढुवानीको कारण खाना पकाउने इन्धनको महँगीको मार खुम्बुवासीले वर्षौंदेखि ब्यहोर्दै आएकाले सो पालिकामा विद्युत्को राष्ट्रिय प्रसारण लाइन जोडी जनजीवनलाई थप सहज बनाउन पहल गरिदिन प्रधानमन्त्रीसमक्ष आग्रह गर्दै गाउँपालिकाले समस्याको दिगो समाधान हुने अपेक्षा गरेको अध्यक्ष शेर्पाले जानकारी दिए ।

### उपेन्द्र...

सक्रिय छन् । पछिल्लो समय सत्ता समीकरण तोडेमा यादवलाई प्रधानमन्त्री बनाउन एमालेले सहयोग गर्ने प्रस्ताव गरेको हो । १० सिट भएको नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाललाई प्रधानमन्त्री बनाउन हुने, १२ सिट भएको जसपा अध्यक्ष यादवलाई प्रधानमन्त्री बनाउन किन नहुने भन्दै एमाले अध्यक्ष ओली स्वयमले फकाउन थालेका हुन् ।

कांग्रेसबाहेकको सरकार बनाउने विषयमा भने एमाले अध्यक्ष ओली र जसपा अध्यक्ष यादवबीच गत निर्वाचन अगाडि नै सहमति थियो । यही सहमतिका आधारमा जसपा अध्यक्ष यादवले चुनावी गठबन्धनमा एमालेलाई साथ दिएका थिए । त्यसबेला उपेन्द्र महतो, उनका भाइ वीरेन्द्र महतो (वर्तमान वनमन्त्री) र एमालेका सचिव रघुवीर महासेठले जसपा र एमालेको तालमेलको वातावरण तयार गरेका थिए । यसपटक फेरि नेताहरु वतृमान सरकारको विकल्पमा नयाँ सरकार बनाउने संसदीय अंकगणित पुऱ्याउने प्रयासमा जुटेका हुन् ।

२७५ सदस्यीय प्रतिनिधिसभामा नयाँ सरकार बनाउने गरी बहुमतका लागि १३८ सिट चाहिन्छ । संसदमा एमालेको ७८ सिट छ । रास्वपाको २१, राप्रपाको १४ सिट छ । सरकार बाहिर रहेका यी तीनै दल एक ठाउँमा उभिए जम्मा ११३ सिट हुन्छ । बहुमतका लागि थप २५ सिट आवश्यक पर्छ । जसपाले साथ दिए १२५ सिट हुन्छ । यसमा जनमत पार्टीको ६, नागरिक उन्मुक्ति पार्टीको ४, नेमकिपाको एक, राजमोको एक र स्वतन्त्र सांसद समेत जोडिए बहुमत १३८ पुग्छ । यो समीकरण यसैगरी बनेको खण्डमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी तीन वटै दल सरकार बाहिर हुन सक्छन् । अन्यथा यी तीन दलका नेतृत्वले आलोपालो सरकारको नेतृत्व गर्ने गरी सहमति भएको गठबन्धनका नेताहरु बताउँछन् । सहमति अनुसार हाल माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री छन् । प्रचण्डपछि एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने सहमति तीन दलका शीर्ष तहमा भएको नेताहरुको सार्वजनिक अभिव्यक्ति छ ।

### नियुक्तिमा...

यस्ता निकायहरुमा नियुक्ति गर्दा कस्तो यसले नेपालको नियुक्ति प्रणाली र अवस्थाको समेत चित्रण गरेको छ । प्रणाली अपनाइने गरेको र यसको विधि प्रक्रिया के कस्ता हुन्छन् भन्ने विषयको यो पछिल्लो उदाहरण हो । कानुनमा नियुक्ति पाउनेको योग्यता, क्षमता, लगायतका विषय तोकिएको छ । तर, नियुक्ति प्रक्रियामा कुन दलको सरकार छ, नियुक्ति गर्ने ठाउँ वा निर्णय लिने जिम्मेवारीमा जो छन् उसले आफूखुसी निर्णय गर्ने अभ्यास छ । यसमा अझ सम्बन्धित पार्टीको निर्णय सम्बन्धित व्यक्तिले मान्नुपर्ने/मान्ने अभ्यास छ । पार्टीको निर्णय नमानिएका कारण लुम्बिनी प्रदेश स्थित राप्ती प्रादेशिक अस्पताल विकास समितिमा अध्यक्ष नियुक्तिको विषय बाहिर आएको हो । संवैधानिक निकायका नियुक्ति, न्यायलयमा न्यायाधिश नियुक्ति, बिभिन्न देशमा राजदुत नियुक्तिमा समेत राजनीतिक भागवण्डा हुने गरेको छ । बिभिन्न संवैधानिक आयोगहरुमा समेत राजनीतिक भागवण्डा हुने गर्दछ । त्यस्तोमा उच्च राजनीतिक नेतृत्वको चाहना प्रधान हुने गर्दछ ।

### खाडी...

गर्नुपर्ने नीति लिएको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । यसअघि कुवेतले विदेशी नागरिकको आगमनमा कडाइ गर्न भिजिट भिसामा प्रवेश गरेका विदेशीलाई वर्क पर्मिट नदिने नीति लागू गरिएको बताएको छ ।

## आगलागीबाट लाखौंको क्षति

**सुदूरपश्चिम/मस**-धनगढी उपमहानगरपालिका-१ मुख्य बजारमा रहेको सारथी अस्पताल प्रालि र सँगै जोडिएका पसलमा शुक्रबार राति आगलागी हुँदा लाखौँ मूल्य बराबरको समान जलेर नष्ट भएको छ । शुक्रबार राति करिब १ बजे लागेको आगो शनिबार बिहान मात्र निभाइएको थियो । अस्पतालसँगै रहेको खाद्य तथा व्यापार कम्पनी लिमिटेडको भवनमा दलबहादुर भण्डारीले सञ्चालन गरेको भण्डारी जनरल स्टोरमा अचानक विद्युत् चुहावट भई आगलागी भएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता कुलदीप चन्दले जानकारी दिए । आगो लागेपछि अस्पतालमा भर्ना भएका बिरामीलाई अन्य अस्पतालमा पठाइएको छ । आगलागीबाट सारथी अस्पतालसहित भण्डारीको भण्डारी जनरल स्टोर, टेकेन्द्र शर्माको मधुमाला बेबी सपगोदाम, वासुदेव भट्टको भट्ट सपिङ सेन्टर, जगतबहादुर बलायरको सुभिक्षा देवी सपिङ सेन्टर, यशोदा साउदको न्यू सदिक्षा इन्टर प्राइजेज, गौरी भण्डारीको भण्डारी सु सेन्टर, जानकी भट्टको भट्ट ट्रेडर्स एण्ड सप्लायर्समा रहेको मालसामान जलेर नष्ट भएको छ । धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका र पुनर्वास नगरपालिकाका चारवटा दमकलको सहायतामा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयवासीको प्रयासमा आगो निभाइएको छ । आगलागीबाट पुगेको क्षतिको यकिन विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।


**युएईमा रोजगार**

कम्पनी: IFA SECURE FZE
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०७/२४ चलानी नं.: ६०२१००३७ LT. No.: 294916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/general | 50 | 30 | | 1000 | ३६,१८० | | | | | | | |
| 3. | Electrician | 10 | 0 | | 1000 | ३६,१८० | | | | | | | |
| 4. | Plumber | 10 | 0 | | 1000 | ३६,१८० | | | | | | | |
| 5. | Receptionist | 10 | 10 | | 1000 | ३६,१८० | | | | | | | |

कम्पनी: PURELY CLEANING SERVICES
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०७/२४ चलानी नं.: ६०२१००३८ LT. No.: 294915

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 3 | 0 | स. काममा दक्ष | 800 | २८,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कुवेतमा रोजगार**

कम्पनी: EAST CAMCO EMPLOYMENT AND QUALIFICATION WORKERS CO
शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/०२ चलानी नं.: ६०२१०१११ LT. No.:295113

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 60 | 0 | स. काममा दक्ष | 100 | ४३,१३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: KPTC (KUWAIT PUBLIC TRANSPORT)
शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/०२ चलानी नं.: ६०२१०११० LT. No.:295112

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Drivers | 200 | 0 | स. काममा दक्ष | 160 | ६९,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० मंसिर १० गते (26 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**MAURITIUS मा रोजगार**

कम्पनी: FRAISIER DE CUREPIPE LTD
शहर : Mauritius,Dr Edward Curepipe
पूर्व स्वीकृत मितिः २०८०/०८/०२ चलानी नं.: ६०२१०११२ LT. No.:295116

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture | 19 | 0 | स. काममा दक्ष | 15000 | ४५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० मंसिर १० गते (26 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474 | 9823614160
9802099412 | 9801117416 | Chitwan: 056598203
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com



**मलेसियामा वैदेशिक रोजगारीको अवसर !!**

रोजगारदाता कम्पनी : फमनेक्स्ट्स एसडिएन बिएचडी
(Employer Company) : FOMNEXTS SDN.BHD
ठेगाना : दरूल ईसन
Address: Darul Ehsan

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०८०/०८/०२ | चलानी नं.: | ६०२१०१२६ | एल टि नं.: | २९५१४१ |
| Pre Approval Date: | 2023/11/18 | Invoice No.: | 60210126 | L.T. No.: | 295141 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | ५१ 51 | ० 0 | स. काममा दक्ष Experience in related work. | १५०० 1500 | ४२,६१५ 42,615 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | मलेसिया सरकारको नियम अनुसार As per the Malaysia Govt. rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

अन्तर्वार्ता ऐक्शेस पार्टनर्स अफिस, बानेश्वर, काठमाडौंमा अनलाईन मार्फत मिति २०८० मंसिर १० गतेमा हुनेछ ।
Online Interview will be held at Access Partners Office at Baneshwor, Kathmandu on 26 November 2023.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | नि:शुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहचचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahchal.

**access partners pvt. ltd.**
Govt. Lic. No. 1520/074/075
Baneshwor, Kathmandu
Tel : +977-01-4105010, 4105017, Mobile: 9802352888 | 9807380555
Email: info@accesspartners.com.np | www.accesspartners.com.np

# ‘कोप-२८ मा अधिकारका विषयलाई प्राथमिकताका साथ उठाउँछौं’



**काठमाडौं / मस**–प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरुको २८ औं सम्मेलन (कोप-२८) मा जलवायु परिवर्तनबाट नेपालमा परेको असरका बारेमा स्पष्टसँग कुरा राख्ने बताएका छन् । नेपाल पर्वातरोहण संघले शनिबार सोलुखुम्बुको सगरमाथा आधार शिविर, कालापथ्थरमा आयोजना गरेको शान्ति दीप हस्तान्तरण तथा झण्डोत्तलन कार्यक्रमलाई सम्बोधन गर्दै उनले उक्त सम्मेलनमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोगभन्दा पनि अधिकारका विषयलाई प्राथमिकताका साथ उठाइने बताए ।

उनले भने, ‘हामीले गर्दै नगरेको कामको मूल्य चुकाउन सक्दैनौं, जसले कार्बन उत्सर्जनमा कमजोरी गरेको छ, उसले हाम्रो अधिकारका रुपमा जलवायु कोषमार्फत क्षतिपूर्ति दिनुपर्छ । कोप-२८ मा नेपालले सहयोगको याचना मात्रै गर्ने होइन, हामीलाई हाम्रो अधिकार चाहियो भन्ने हो ।’ उनले यसलाई मागका रुपमा नभई अधिकारकैरुपमा राख्ने तयारी गरिएको जानकारी दिए । यही मंसिर १४ देखि २६ गतेसम्म संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा कोप-२८ सम्मेलन आयोजना हुँदैछ ।

नेपालले कोप-२८ मा उठाउने विषय र प्राथमिकताका सम्बन्धमा उच्चस्तरीय सत्रलाई यही मङ्सिर १६ गते प्रधानमन्त्री दाहालले सम्बोधन गर्ने कार्यक्रम छ । प्रधानमन्त्री दाहालले कोप-२८ सम्मेलनमा नेपालका तर्फबाट उठाउनुपर्ने विषयको तयारीका लागि जलवायु वित्त, अनुकूलन, पर्वतीय प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि, हानि र नोक्सानी, लैङ्गिक, युवा, बालबालिका, जलवायु सशक्तीकरण, जलवायु परिवर्तनका असर कम गर्न छ बुँदामा केन्द्रित रहेर विज्ञ समूह गठन गरी सुझाव गरिएको जानकारी दिए ।

यस सम्मेलनमा नेपालले जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि र नोक्सानीका लागि कोषको व्यवस्थापन, हिमाल र पर्वतीय मुद्दा, उत्सर्जन कटौती र समावेशीतालगायत मुद्दालाई प्राथमिकतामा राखेको छ ।

कार्यक्रममा प्रधानमन्त्री दाहालले खुम्बु क्षेत्रको विकास तथा विस्तार, व्यवस्थित पर्यटकीय गतिविधि सञ्चालन, सगरमाथाको सुरक्षा र सफाइलाई प्रभावकारी रुपमा लैजान सरोकारवालाको सहभागितामा आवश्यक कार्यविधि बनाइने विश्वास दिलाए । कालापथ्थर क्षेत्रमा दीप प्रज्वलन हस्तान्तरण र झण्डोत्तलन गर्नु आफैंमा पनि महत्वपूर्ण रहेको उल्लेख गर्दै उनले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले खुम्बु क्षेत्रमा गर्नुभएको भ्रमणले विश्वको ध्यानाकर्षण भएको बताए ।

उनले भने, ‘महासचिव गुटेरेसले खुम्बु क्षेत्रमा पुगेर जलवायु परिवर्तनको असर प्रत्यक्ष हेरेको, यहाँका जनता र प्रतिनिधिसँग अन्तर्क्रिया गरेर जलवायु परिवर्तनका कारण यस क्षेत्रमा परेको समस्यालाई विश्वव्यापीकरणका लागि महत्वपूर्ण योगदान मिलेको छ ।’ आफूले संयुक्त राष्ट्र संघको ७८औं महासभालाई अमेरिकाको न्यूयोर्कमा सम्बोधन गर्दा नेपालमा जलवायु परिवर्तनको चर्को असरका बारेमा प्रष्टसँग राखेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले जलवायुसम्बन्धी अन्य मञ्चमा पनि नेपालले प्रष्टसँग कुरा राख्ने विश्वास दिलाए । उनले भने, ‘ महासभामा मैले हामीले गर्दै नगरेको कामका निम्ति मूल्य चुकाउनुपर्ने विडम्बनाका बारेमा स्पष्टसँग राखेको छु, यसलाई प्रत्यक्षरुपमा अनुभूत गर्न र उक्त मुद्दालाई विश्वव्यापीकरण गर्न राष्ट्र संघका महासचिव गुटेरससँग अपिल गरेँ । मेरे पहिलो निमन्त्रणामै राष्ट्रसंघका महासचिव तुरुन्तै नेपाल आउनुभयो, खुम्बु क्षेत्रको अवलोकन र स्थानीयसँग अन्तर्क्रिया गर्नुभयो, यो निकै महत्वपूर्ण छ ।’

प्रधानमन्त्री दाहालले खुम्बु क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माणमा सरकार गम्भीर रहेको बताए । उनले विश्वमाझ नेपालाई चिनाउने सगरमाथा र लुम्बिनीको संरक्षण र प्रवर्द्धन गर्न सरकारले भरमग्दुर प्रयार गर्ने बताए । ‘खुम्बु क्षेत्रमा सडक पूर्वाधार निर्माणलाई मैले गम्भीर रुपमा लिएको छु, केही सयम अगाडि अर्थमन्त्रालयबाट चतरादेखि लुक्लासम्म सडक निर्माण गर्ने गरी बजेट विनियोजन भएको छ, सडक निर्माणलाई तीव्र बनाउन सरकारले विशेष ध्यान दिनेछ’, प्रधानमन्त्री दाहालले भने । स्थानीय तहले पनि विभिन्न ढंगबाट सो क्षेत्रमा ट्र्याक खोल्ने काम भएकामा आभार प्रकट गर्दै उनले उक्त सडकलाई स्तरोन्नति गर्न सरकारले सहयोग गर्ने बताए । विश्व समुदायमाझ नेपालको प्रतिष्ठा अभिवृद्धिका लागि खुम्बु क्षेत्रले भूमिका अतुलनीय रहेको उनको भनाइ छ ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०७/२८ गते ११:०० बजेको समयमा का.जि.टोखा न.पा. ३ सरस्वती स्कूल अगाडी पार्किङ्ग गरी राखेको बाग्मती प्रदेश ०२ -०४३ प २१५३ नम्बरको निलो कालो रंगको Pulsar 220 CC को मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नामः अशोक डंगोल**
**ठेगानाः टोखा न.पा. ३ काठमाडौं**
च्यासिस नं: MD2A13EX2MCG93549
इन्जीन नं : DKXCMG26552
सम्पर्क : 9849066753



## आशुतोष इनर्जि लिमिटेड

**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३० नयाँ बानेश्वर, काठमाण्डौं,**
**ईमेल:aashutosh.energy@gmail.com**

### छैटौं वार्षिक साधारण सभा स्थगित भएको र सो स्थगित सभा पुन: बस्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/०८/०३ गते आइतबार**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

**‘मिति २०८०।०८।०८ गते शुक्रबार दिनको २ बजे बस्ने गरी सूचना प्रकाशित भएको छैटौं बार्षिक साधारण सभा बिशेष कारणबश स्थगित गरिएको र उक्त स्थगित छैटौं बार्षिक साधारण सभा मिति २०८०।०८।१५ गते शुक्रबार (तद्नुसार** December 1, 2023) **दिनको २ बजे लिसरा रिसेप्सनस् प्रा.लि. भगवतीबाहल, नक्साल काठमाडौं** (Lisara Receptions Pvt.Ltd. Bhagawati Bahal, Naxal Kathmandu) **मा सोही बिषयसूची उपर नै छलफल गर्ने गरी बस्ने**’ भनी मिति २०८०/०७/२४ गते शुक्रबार बसेको सञ्चालक समितिको ९३ औं बैठकबाट निर्णय भएको हुँदा शेयरधनी महानुभावज्यूहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संचालक समितिको आज्ञाले**
**(प्रमुख कार्यकारी अधिकृत)**



## SAUDI मा रोजगार |

कम्पनी : AL RASHID TRADING AND CONTRACTING CO
शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२५८८ LT. No.:287226 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा मिति २०८० मंसिर १० गते (26 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ९२२/०६७/०६८
**Liberty H.R. Consultant Pvt. Ltd.**
Baghdol-4, Lalitpur, Nepal, Tel.: 5191561 | 5191560
Email- info@libertyhrconsultant.com | Web.: www.libertyhrconsultant.com



## कुवेतमा रोजगार

कम्पनी: FATMA STYLE LADIES BEAUTY SALON COMPANY
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०८०/०८/०१ चलानी नं.: ६०२१०११९ L.T. No.: 295070

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure & Pedicure | 0 | 8 | सम्बन्धित काममा दक्ष | 150 | ६४६९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salon Worker | 0 | 7 | | 150 | ६४६९९ | | | | | | | |
| 3. | Cleaner | 0 | 2 | | 95 | ४०९७६ | | | | | | | |
| 4. | Hairdresser | 0 | 2 | | 150 | ६४६९९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर १० गते (26 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov Lic. No. 757/064/065
**YOUTH MANPOWER PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: 977-1-4566755, Fax: 977-1-4566966
E-mail: info@youthmanpower.com, youthmanpower757@gmail.com
Mobile: 9813344450, 9809393801, 9809393802
Jhapa Branch 023591554 Mobile: 9801745554



## Kuwait मा वैदेशिक रोजगारको अवसर

कम्पनी: CABLET HOUSE COMAPNY FOR THE RETAILING SALE OF CLEANING MATERIALS. शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०५/२६ चलानी नं.: ६०१८७४०३ LT. No.: 271623 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker / Office (Cleaning Labour/Cleaner | 18 | 1 | स. काममा दक्ष | 120 | ५१,७५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ९ गते (25 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
